कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय

खलङ्गा, सल्यान

**शर्तहरु :**

प्रस्तावकले निम्न वमोजिमको कागजात तथा विवरण समेतको व्यवसायिक योजना समेटिएको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

१. प्रस्ताव पेश गर्ने संस्थाको नाम, ठेगाना, संस्थाका प्रमाण पत्रहरु समावेश गरि जडिवुटी उत्पादन, खेती विस्तार तथा उद्दम विकास दिग्दर्शन, २०७७ को अनुसुची-२ वमोजिमको ढाँचामा प्रस्तावना सहितको विस्तृत निवेदन पेश गर्नु पर्नेछ ।

२. प्रस्तावकले पेश गर्ने संस्थाको आर्थिक र प्राविधिक प्रस्तावमा निम्न विवरण पेश गर्नुपर्ने छ ।

क. निजी जग्गामा खेती गरिने भए खेती गरिने जग्गाको जग्गाधनी प्रमाणपुर्जा वा मञ्जुरीनामा, तिरो तिरेको रसिदको प्रतिलिपि तथा क्षेत्रफल खुल्ने नक्शा सहितको विवरण र नागरिकताको प्रतिलिपि ।

ख. सहकारी/कवुलियति/सामुदायिक वन समुहहरुको हकमा समुहको निर्णयको प्रतिलिपि र गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र दर्ताको प्रमाणपत्र ।

ग. निजि फर्मको हकमा दर्ता, नविकरण र कर चुक्ताको प्रमाण पत्र ।

घ. प्रस्तावित क्रियाकलापहरु वाट लाभान्वित घरधुरी र सिर्जना हुने रोजगारी (श्रमदिन)

ङ. दिर्घकालिन जगेर्ना विधी ।

च. कार्यक्रम/क्रियाकलाप संचालन गर्न लाग्ने समय

छ. वातावरणिय प्रभाव तथा जन सहभागिता

ज. लाभपप्रद व्यवसायिक योजना

झ. कार्यक्रमको नविनता तथा श्रृजनशिलता

३. अन्य क्षेत्र वाट अनुदान प्राप्त भए/नभएको सो:घोषण ।

४. सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सुचिमा राखेका व्यक्ति फर्म संस्था,र सहकारीले सहभागि हुन पाउने छैनन ।

५. **पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार** यस कार्यक्रम अन्तर्गत एउटै प्रजातिको जडिवुटि धेरै मात्रामा उत्पादन गर्नको लागी इच्छुक उधमि /किसान,सामुदायिक/कवुलियति वन समुह, विदेश वाट फर्किएका युवाहरुले प्रस्ताव पेश गर्न पर्नेछ ।

६. **निजी वन कार्यक्रम** अर्न्तगत निजी वन धनि/व्यक्ति/संस्थाले प्रस्ताव पेश गर्दा कम्तिमा ५ रोपनी भन्दा वढि क्षेत्रफल भएको वृक्षारोपण गर्न चाहेको जग्गा धनी प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

७. **जडिबुटी विकास कार्यक्रम** जडिवुटी एवं गैर काष्ठ वन पैदावरको खेतिलाई प्रोत्साहन गर्ने उद्देश्य रहेका सहकारी/कवुलियति/सामुदायिक वन समुहहरु/निजी वन/निजी कृषक/फर्म मार्फत प्रस्ताव पेश गर्नुपर्ने ।

८. **महिला कृषि वन कार्यक्रम** : यस कार्यक्रमको हकमा महिलाहरुको लागि मात्र एउटै प्रजातिको तोकिए वमोजिम कार्यक्रम संचालन गरिने छ ।

९. प्रस्ताव पेश गर्ने अनुदानग्राही साझेदारी संस्था/सहकारी/समुहहरुमा संचालन हुने कार्यक्रमको हकमा कुल लागतको ३० प्रतिशत सम्म र निजी फर्म/उद्यमि/व्यक्तिको हकमा ५० प्रतिशत सम्म अनुदानग्राहिले लगानी गर्नु पर्नेछ ।

१०. कार्य संचालन गर्न यस कार्यालय संग गरिने सम्झौता अनुसार प्रथम किस्तामा ४०% दोस्रो किस्तामा ३०% र अन्तिम कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चात वाँकी ३०% रकम अनुदान स्वरुप भुक्तानी गरिनेछ ।

११. अनुदान प्राप्त संस्था/सहकारी/समुह/फर्म/उद्यमि/व्यक्ति छनौट भई नगद अनुदान प्राप्त गरी लगेकोमा सम्झौता वमोजिमको कार्य तोकिएको समय भित्र सम्पन्न नभएमा त्यस्तो रकम सरकारी वाँकी रकम सरह असुल उपर गरिनेछ ।

१२. अन्य कुराको हकमा प्रचलित कानुन वमोजिम हनेछ ।